# दोस्रो इन्डो नेपाल व्यापार मेला तथा पर्यटन महोत्सव २०१८, देहरादुन भारत




**मेला स्थल परेड ग्राउण्ड देहरादुन**

नेपालको भारतसंगको व्यापार घाटालाई केही हदसम्म न्यूनिकरणका लागि नेपाली उत्पादनका वस्तुहरु भारतीय बजारमा प्रचार प्रसार तथा बिक्री वितरण गरी अर्डर प्राप्त गर्ने साथै नेपाली वस्तुहरुको प्रवर्द्धन एवं निकासी अभिबृद्धि गर्ने उद्देश्यले नेपाल सरकार वाणिज्य मन्त्रालय व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल पर्यटन वोर्ड, नेपाली राजदूतावास दिल्ली, नेपाल स्थित भारतीय राजदूतावास, विर गोर्खा कल्याण समिति उत्तराखण्ड, उद्योग संघ उत्तराखण्ड र भारत उत्तराखण्ड राज्य सरकारको सहयोगमा कञ्चनपुर उद्योग वाणिज्य संघले भारतको देहरादुन परेड ग्राउण्डमा यही माघ १९ देखि २५, २०७४ (Feb. 2-8, 2018) सम्म Second Indo-Nepal Trade Fair & Tourism Festival, 2018 को आयोजना भएको थियो ।



**नेपालका माननीय वाणिज्य राज्य मन्त्री नर बहादुर चन्द र उत्तराखण्डका माननीय मुख्य मन्त्री त्रिवेन्द्रसिंह रावतले संयुक्त रुपमा पानसमा वत्ती मेलाकोउद्घाटन गर्नु हुँदै**

मेलाको औपचारिक समुद्घाटन समारोह माघ १९ गते शुक्रवारका दिन ४.०० बजे नेपालका तर्फबाट माननीय वाणिज्य राज्य मन्त्री नर बहादुर चन्द र भारतका तर्फबाट उत्तराखण्डका माननीय मुख्य मन्त्री त्रिवेन्द्रसिंह रावतले एक समारोहका बीच संयुक्त रुपमा पानसमा वत्ती बाली गणेश स्तुतीका साथ उद्घाटन गर्नु भएको थियो । उक्त समुद्घाटन समारोहको सभापतित्व नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री भवानी राणा, प्रमुख अतिथि उत्तराखण्डका माननीय मुख्य मन्त्री त्रिवेन्द्रसिंह रावत, विशेष अतिथि माननीय वाणिज्य राज्य मन्त्री नर बहादुर चन्द, अतिथि नेपाली राजदूतावास दिल्लीका Economic Minister श्री कृष्णहरि पुष्कर, उत्तराखण्ड उद्योग संघका अध्यक्ष श्री पंकज गुप्ता रहनु भएको थियो ।




**मेला समुद्घाटन समारोहका अतिथिहरु**

मेला समुद्घाटन समारोहमा समारोहका विशेष अतिथि माननीय वाणिज्य राज्य मन्त्री नर बहादुर चन्दले यस प्रकारको मेलाले दुई देश बीचको व्यापारिक एवं पर्यटनमा सहयोग पुग्ने, व्यापारिक सम्बन्धी प्रगाढ हुने, भारतीय बजारमा नेपालमा उत्पादित वस्तुहरुको माग बढाई नेपाली वस्तुहरुको निकासी अभिबृद्धि गर्ने र नेपालको भारतसंगको व्यापार घाटा कम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नु हुंदै मेला सफतापूर्वक सम्पन्न गर्नको लागि शुभकामना दिनु हुँदै देहरादुनमा वसोबास गर्ने जनतालाई मेला अवलोकन गरी नेपाली वस्तुहरुको अर्डर एवं खरीद गर्न समेत अनुरोध गर्नु भएको थियो ।




**समारोहका प्रमुख अतिथि उत्तराखण्डका माननीय मुख्य मन्त्री त्रिवेन्द्रसिंह रावतबाट शुभकामना मन्तव्य व्यक्त गर्नु हुँदै**

त्यसैगरी मेला समुद्घाटन समारोहमा समारोहका प्रमुख अतिथि उत्तराखण्डका माननीय मुख्य मन्त्री त्रिवेन्द्रसिंह रावतले उत्तराखण्ड सरकार दुई देश बीचको व्यापारिक सम्बन्ध स्थापित गर्न तयार रहेको, नेपाल र भारत बीच सदियौंदेखिको सम्बन्ध रहदै आएकोले उत्तराखण्ड सरकारले व्यापारिक लगायतका सबै खालका सहयोग गर्न तयार रहेको बताउनु भएको थियो । उहाँले हामी एक अर्काका सहयोगी राष्ट्र हौ भन्नु हुँदै आफ्नो सम्बोधनको अधिकांश समय नेपाल र भारतको सम्बन्धका बारेमा चर्चा गर्नु भएको थियो । उहाँले आगामी दिनमा उत्तराखण्ड सरकारले के गर्न सक्छ त्यसमा आफ्नो सरकार पूर्ण रुपमा तयार छ भन्नु हुँदै उत्तराखण्ड सरकारसंग जोडिएका नेपालका विभिन्न जिल्लाहरुमा सहयोग गर्न तयार रहेको बताउनु हुँदै यस्तो दुई देश बीच आयोजना हुने मेला तथा महोत्सवले छिमेकी राष्ट्र बीचको सम्बन्ध मजबुत हुनुका साथै व्यापारको नयाँ ढोका समेत खुल्ने र उत्तराखण्ड सरकार नेपालको विकासमा सधै सहयोग गर्न तयार रहेको र आपसी मिलेर अघि बढ्दै जानु पर्ने कुरा समेत सो अवसरमा व्यक्त गर्नु भएको थियो ।



**मेला सभापति एवं नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री भवानी राणाबाट मन्तव्य व्यक्त गर्नु हुँदै**

उद्घाटन समोरोहमा सभापतित्व गर्नु भएका नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री भवानी राणाले मेलाले नेपाली उद्योगी व्यवसायीलाई लाभ पुग्ने विश्वास व्यक्त गर्नु भएको थियो । उहाँले देहरादुनमा नेपाली भाषीहरुको उल्लेख्य जनसंख्या भएको बताउनु हुँदै नेपाली वस्तुलाई मायाँ गर्ने र नेपालीले उत्पादन गरेको वस्तुलाई उपयोग गर्न देहरादुव बासी उत्सुक हुनु पर्ने बताउनु भएको थियो । उहाँले नेपाली उत्पादित वस्तुको निर्यात प्रवर्द्धन देहरादुनबाट गर्न सहज हुने भएकोले नेपाल सरकारले दोस्रो पटक पनि देहरादुनमा व्यापार मेला आयोजना गरेको बताउँनु भयो । मेलाको समुद्घाटन समारोहमा स्वागत मन्तव्य कञ्चनपुर उद्योग वाणिज्य संघका अध्यक्ष र धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्षले गर्नु भएको थियो । सो उद्घाटन कार्यक्रमा उल्लेख्य रुपमा नेपाल र भारतीय सरकारी निकायका प्रतिनिधिहरु, उद्योगी व्यापारीहरु, भूपु गोर्खा सैनिकहरु, मिडियाकर्मीहरुको उल्लेख्य सहभागिता रहेको थियो । साथै सरकारी तथा स्थानीय संचार माध्यमहरुले विशेष प्राथमिकताका साथ सो मेलाको समुद्घाटन समारोह सम्बन्धी समाचार व्यापार रुपमा प्रकाशन एवं संप्रेषण गरेका थिए ।

**दोस्रो इन्डो नेपाल व्यापार मेला तथा पर्यटन महोत्सव २०१८,** मा २५०० वर्ग फिट क्षेत्रफलमा नेपालको तर्फवाट १०×१० वर्ग मिटरको ५६ वटा स्टल र भारत तर्फको १०० वटा स्टल रहेकोमा सतप्रतिशत रुपमा स्टलभाडा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले व्यहोर्ने गरि नीजि क्षेत्रका ५० वटा फर्म/कम्पनीहरुलाई नि:शुल्क स्टल उपलब्ध गराएको थियो ।

उक्त मेलामा नेपाली कम्पनीहरु तर्फबाट नेपाली साना तथा घरेलु उद्यमीहरुबाट उत्पादित वस्तुहरू पश्मिना, हस्तकलाका सामान, काष्ठ कला, थान्का, मूर्ति, रुद्राक्ष, खुकुरी, ऊनी जन्य वस्तुहरु, अल्लोबाट निर्मित गार्मेन्ट, ढाकाबाट निर्मित वस्तुहरु एवं कपडा, टिम्बुरको अचार लप्सीको क्याण्डी, जडिबुटी, चिया, अलैंचीबाट निर्मित वस्तुहरु, दैनिक उपभोग्य कृषि सामाग्रीहरु, विजयसालबाट निर्मित सामाग्रीहरु, नेपालका प्रमुख पर्यटकीय सम्पदाहरुको प्रचार प्रसार सामाग्रीहरु, नेपाली कला संस्कृतिको प्रदर्शनी तथा नेपाली खाद्य परिकारहरु आदि प्रदशनीमा राखिएको थियो । प्रदर्शनीमा राखिएका नेपाली वस्तुहरुमध्ये खुकुरी, ढाका कपडाबाट निर्मित वस्तुहरु, अल्लो रेशाबाट निर्मित वस्तुहरु र विजयसालबाट निर्मित वस्तुहरुको स्टलमा बढी अवलोकनकर्ताहरुको भिड भएको देखिन्थ्यो र ती सामानहरु खरीद गरी लगिरहेको समेत देखिन्थ्यो । देहरादुनमा बसोबास गर्ने नेपाली भाषीहरुले नेपालीहरुलाई असाध्यै मायाँ एवं स्नेही पूर्वक व्यवहार गरेको देखिन्थ्यो र हरेक नेपाली स्टलहरुबाट १/१ बटा सामान खरीद गरेर लगेको देखिन्थ्यो र उहाँहरुको भनाई अनुसार नेपाली स्वादका खानाको परिकारको स्टल बढाउनु पर्ने, नेपाली कला एवं संस्कृति जोगाउनको लागि नेपालबाट नै कलाकार ल्याई साँस्कृतिक कार्यक्रममा सहभागिता गराउनु पर्ने बारे माग राख्नु भएको थियो ।

उक्त मेलामा ६०,००० अवलोकनकर्ताहरुबाट करीव साढे ३ करोड भारतीय रुपैंया बराबरको आर्थिक कारोबार भएको र अदूवा, जडिवुटि, हस्तकला सामग्री, बिजयशाल गिलास निर्यातका लागि मेला सफल भएको आयोजक कञ्चनपुर उद्योग वाणिज्य संघले जनाएको छ ।

**मेलाका झलकहरु**




**विजयसालको गिलासमा अवलोकनकर्ताहरु**




अर्गानिक महमा अवलोकनकर्ताहरुको रुची




खुकुरीको स्टलमा भारतीय सुरक्षाकर्मीको अवलोकन




दैनिक कृषिजन्य उपभोग्य बस्तुमा नेपाली मूलका भारतीयहरु



पाल्पाली ढाका जन्य सामानमा अवलोकनकर्ताहरु



पोतेजन्य हस्तकलाका सामान खरीद गर्दै अवलोकनकर्ताहरु



अल्लोजन्य गार्मेन्टमा अवलोकनकर्ताहरु




**सास्कृतिक कार्यक्रमको झलक**

सो मेलाको अवसरमा माघ २० गते दिनको ३.०० बजे B 2 B Meeting को आयोजना भएको थियो । उक्त Meeting मा नेपालको तर्फबाट वाणिज्य मन्त्रालयका उप-सचिव श्री शिव त्रिपाठीले नेपालमा व्यापार व्यवसाय एवं लगानीका बारेमा चर्चा गर्नु भएको थियो भने भारतको तर्फबाट उत्तराखण्ड उद्योग संघका अध्यक्ष श्री पंकज गुप्ताले उत्तराखण्डका व्यवसायीहरु नेपाल आएर व्यापार बढाउने कुरा व्यक्त गर्नु भएको थियो । उक्त B 2 B Meeting को अवसरमा कञ्चनपुर उद्योग वाणिज्य संघ र उत्तराखण्ड उद्योग संघ बीच नेपाल तथा भारतको औद्यौगिक तथा व्यापारिक गतिविधिहरु अझ शसक्त रुपमा बढाउने उद्देश्यले ७ बुँदे Memorandum of Understating (MoU) सम्पन्न भएको थियो । विशेषत उक्त MoU अनुरुप दुई देशमा उत्पादित वस्तुहरुको सहज पहुँच, SME's को व्यवसायीकताको विकास र वस्तुहरुको बजार प्रवर्द्धनको लागि वार्षिक वा अर्धवार्षिक रुपमा व्यापार मेला तथा महोत्सव आयोजना गर्नको लागि सहयोग पुग्ने विश्वास लिईएको छ ।

उक्त मेलाको अवसरमा माघ २१ गते उत्तराखण्ड स्थित विभिन्न कम्पनीहरु, कृषि SPS सम्बन्धी पदाधिकारीहरु र उत्तराखण्ड राज्य सरकारका कृषि मन्त्री तथा नेपालको तर्फबाट वाणिज्य मन्त्रालयका उप-सचिव श्री शिव त्रिपाठी बीच कृषिजन्य वस्तु व्यापार सम्बन्धी बैंठक आयोजना भएको थियो । उक्त बैंठकमा नेपाली कृषिजन्य वस्तुहरुलाई प्राथमिकतासाथ उत्तराखण्ड आयातमा सहयोग र सहजीकरण गर्ने बारे छलफल भएको थियो ।



समुद्घाटन समारोहका अतिथिहरुको सामुहिक तस्विर



समुद्घाटन समारोहका सहभागिहरु

कञ्चनपुर उद्योग वाणिज्य संघ र उत्तराखण्ड उद्योग संघ बीच नेपाल तथा भारतको औद्यौगिक तथा व्यापारिक गतिविधिहरु अझ शसक्त रुपमा बढाउने उद्देश्यले गरिएको ७ बुँदे Memorandum of Understating (MoU)

Industries Association of Uttarakhand

## Memorandum of Understanding (MoU)

In order to enhance industrial and commercial activities between India and Nepal, Kanchanpur Chamber of Commerce and Industry (KCCI) and Industries Association of Uttarakhand (IAU) have decided to work together and have also reached Understanding as under:

1. To disseminate new industrial experience between KCCI and IAU Uttarakhand.
2. To initiate necessary steps to make products available in Nepal and India produced by both the sides.
3. Excursion and observation by commercial representatives from wither sides at least once a year at a favorable time.
4. To initiate necessary steps to organize annual or biannual Trade Fair and Festival in Nepal and India respectively by respective sides.
5. To assist and provide experiences for organizational development of both the sides and conduct timely meetings.
6. To assist and help each other in entrepreneurial growth and SMEs.
7. Points can be added or amended on above mentioned points and terms.

This Memorandum of Understanding has been finally reached and is signed on this 3rd February, 2018 by both parties i.e. KCCI & IAU by their respective presidents.

Date: **3rd February, 2018**
Place: **Dehradun**

| **Kanchanpur Chamber of Commerce and Industry** | | **Industries Association of Uttarakhand** | |
|---|---|---|---|
| President | General Secretary | President | General Secretary |

**Industries Association of Uttarakhand (IAU)**, Mohabewala Industrial Area, Dehradun - 248 110 Uttarakhand (India)
Tel.: +91 135 2640530, Fax +91 135 2643382 • E-mail: iauuttarakhand@gmail.com•Website: www.iauonline.in
(Member of National Board for Micro, Small & Medium Enterprises, Govt. of India)